# पथरी शनिश्चरे नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# पथरी, मोरङ

# एम्बुलेन्स संचालन सम्बन्धी कार्यविधी, २०७५

प्रमाणिकरण २०७५ पौष २३ गते सोमबार

# पथरी शनिश्चरे नगरपालिकाको
# एम्बुलेन्स संचालन सम्बन्धी कार्यविधी, २०७५

## प्रस्तावना :

विभिन्न प्रकारका सर्ने तथा नसर्ने प्रकृतिका रोगहरुको कारण **पथरी शनिश्चरे** नगरपालिकाका जनतालाई भएको र हुन सक्ने स्वास्थ्य समस्याबाट सुरक्षित राख्ने उदेश्यले साविक पथरी स्वास्थ्य चौकी र शनिश्चरे स्वास्थ्य चौकीले संचालन गर्दै आएका एम्बुलेन्सहरुलाई हाल नगरपालिका मातहतमा राखी संचालन गर्ने नगर कार्यपालिकाको निर्णय बमोजिम पथरी शनिश्चरे नगरपालिका मार्फत संचालनमा ल्याउने सन्दर्भमा यसको व्यबस्थित सचालन, व्यवस्थापन र दिगोपनका लागि छुट्टै कानूनी व्यबस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४, ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले देहायको कार्यविधी बनाई लागू गरेको छ ।

### परिच्छेद एक

### संक्षिप्त नाम र प्रारम्भ

**१.संक्षिप्त नाम र प्रारम्भ** : (क) यो कार्यविधीको नाम "पथरी शनिश्चरे नगरपालिकाको एम्वुलेन्स संचालन कार्यविधी, २०७५ रहेको छ

ख) यो कार्यविधी नगर कार्यपालिकाल स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

क) एम्वुलेन्स भन्नाले पथरी शनिश्चरे नगरपालिकाले संचालन गर्ने एम्वुलेन्सलाई जनाउँछ ।

ख) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४, लाई जनाउँछ ।

ग) नगरपालिका भन्नाले पथरी शनिश्चरे नगरपालिकालाई जनाउँछ ।

ङ) नगरसभा भन्नाले पथरी शनिश्चरे नगरपालिकाको नगरसभालाई जनाउँछ ।

च) 'बोर्ड भन्नाले नगर पालिकाको बोर्डलाई सम्झनु पर्दछ ।

छ) 'समिति भन्नाले एम्वुलेन्स सञ्चालन र व्यबस्थापनका लागि गठन भएको सञ्चालक समितिलाई जनाउँछ।

ज) कर्मचारी भन्नाले पथरी शनिश्चरे नगरपालिकाको कार्यालयमा कार्यरत स्थायी, अस्थायी वा करारमा कार्यरत कर्मचारीलाई जनाउँछ । यस शब्दले एम्वुलेन्स संचालनमा संलग्न अपरेटर समेतलाई जनाउँछ।

झ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले पथरी शनिश्चरे नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भै काम गर्ने पथरी शनिश्चरे नगरपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

ञ) तोकिएको वा तोकिए बमोजिम भन्नाले पथरी शनिश्चरे नगरपालिकाको बोर्ड बैठकले निर्णय गरी समय समयमा तोकिदिए बमोजिम सम्झनु पर्दछ ।

### परिच्छेद दुई :

### एम्वुलेन्स संचालन सम्बन्धी व्यवस्था

**३. उदेश्य** : यस कार्यविधीको प्रमुख उद्देश्य यस नगरपालका क्षेत्रभित्र र नजिकका स्थानीय तहको समेत स्वास्थ्य समस्या भएका नागरिकहरुलाई उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य संस्थासम्म पुर्याउने तथा यसको विश्वसनीयता साथै प्रभावकारीता वृद्धि गरी दिगो र भरपर्दो सेवा संचालन गर्नु रहेको छ ।

**४. छनौट र प्राथमिकता :**

(१) एम्वुलेन्सको उपयोगको लागि नगरपालिका क्षेत्र भित्रका वासिन्दाहरुलाई सेवा प्रदान गर्दाको सेवा शुल्क र अन्य स्थानीय तहका सेवाग्राहीहरुलाई लिने सेवाशुल्कमा फरक हुने गरी कार्यविधिमा उल्लेख भए बमोजिमको रकम नगर कार्यपालिकाको वैठकबाट निर्णय भए पश्चात लागू हुनेछ ।

२) उप विनियम (१) बमोजिम सेवा शुल्क लिंदा सेवा उपयोग गर्ने विरामी व्याक्तिको स्थायी ठेगानालाई आधार मानिनेछ ।

**५. <u>संचालक समिति:</u>** (१) एम्वुलेन्स सेवाको व्यबस्थित उपयोग, संचालन, खटनपटन र व्यबस्थापनका लागि पथरी शनिश्चरे नगरपालिका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा एक छुट्टै एम्वुलेन्स संचालक समितिको गठन गरिनेछ ।

२) उप विनियम (१) बमोजिम गठन हुने एम्वुलेन्स संचालक समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् ।

क) स्वास्थ्य संयोजक १ जना - सदस्य

(ख) लेखापाल - सदस्य सचिव

३) उप विनियम (२) को खण्ड (क) बमोजिम तोकिएका संचालक समितिका सदस्यहरुको पदावधी सामान्यतया १ वर्षको हुनेछ । नगरपालिकाको बैठकले महशुस गरेमा ती सदस्यहरुको कार्यकाल थप गर्न सक्नेछ । तर, यस खण्ड बमोजिम तोकिएका कुनै पनि सदस्यले लगातार २ बर्षभन्दा बढी समय संचालक समितिमा रही काम गर्न पाउने छैन । एउटै सदस्यलाई म्याद थप गर्नुपरे नगर कार्यपालिकाको वैठकले निर्णय गर्नु पर्नेछ ।

४) समितिको कुनै सदस्यले एम्वुलेन्सको प्रभावकारी संचालन र व्यबस्थापनमा बाधा पुग्ने गरी वा नगरपालिकाको हित विपरित हुने गरी काम गरेको पाइएमा नगर कार्यपालिकाको बैठकले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

५) संचालक समितिको बैठक आवश्यकता अनुसार संयोजकले बोलाउने छ । समितिका पदाधिकारीहरुले एम्वुलेन्स संचालन कोषको रकममध्येबाट प्रति बैठक रु १०००।- का दरले मासिक बढीमा १ पटक बैठकका लागि बैठक, भत्ता लिन पाउने छन् । तर, एम्वुलेन्स संचालन कोषमा रकम नभएको अवस्थामा यस्तो भत्ता लिन पाइने छैन ।

**६ <u>काम कर्तव्य र अधिकार</u>** : (१) एम्वुलेन्स संचालक समितिको काम, कर्तव्य र अधिकार देहायका बमोजिमको हुनेछ ।

क) नगरपालिकाको बोर्ड बैठकले निर्णय गरी कार्यान्वयनमा ल्याएको कार्यविधि बमोजिम एम्वुलेन्सको दैनिक खटनपटन गर्ने,

ख) एम्वुलेन्स संचालन भएको पटक एकिन गरी सो को अभिलेख अध्यावधिक गरी राख्ने,

ग) निर्णय नभएको कार्यमा एम्वुलेन्सको प्रयोग भएको पाइएमा तत्काल एम्वुलेन्स फिर्ता गर्न लगाउने,

घ) तत्काल फिर्ता गर्न अटेर गरेको अवस्थामा प्रहरी प्रशासनको सहयोग लिई एम्वुलेन्स फिर्ता गराउने,

ङ) अनधिकृत प्रयोग भएको अवधीको लागि संचालक समितिले उचित जरिवाना लगाई असूल उपर गरी संचालन कोषमा जम्मा गर्ने गराउने,

च) कुनै व्याक्ति वा संस्थाले एम्वुलेन्स भाडामा लिई संचालन गरेको अवस्थामा भाडा बापतको रकम असुल गरी कोषमा जम्मा गराउने,

छ) एम्वुलेन्स मर्मत संभार गर्नु पर्ने भनी अपरेटरले दिएको निबेदन उपर आवश्यक छानबिन गरी स्वीकृतिका लागि नगरपालिका प्रमुख समक्ष सिफारिश गर्ने,

ज) एम्वुलेन्स संचालनमा खटिएका कर्मचारीहरुको कार्यसम्पादन क्षमता, एम्वुलेन्सको समुचित रेखदेख र व्यबस्थापनमा निजहरुले खेलेको भूमिकाबारे नगरपालिकाको कार्यालयलाई सुझावहरु दिने,
झ) एम्वुलेन्सको प्रभावकारी व्यबस्थापन र संचालनका लागि आवश्यक देखेका अन्य विषयहरुमा नगरपालिकाको कार्यालय र नगरपालिकाको बोर्डलाई आवश्यक सुझावहरु दिने र प्राप्त निर्देशन अनुरुप कार्य गर्ने ।

२. एम्वुलेन्स संचालक समितिका अन्य काम, कर्तव्य र अधिकारहरु नगरपालिकाको बोर्ड बैठकको निर्णय बमोजिम हुनेछन् ।
तर नगर कार्यपालिकाका सदस्यहरुको कार्यकाल समाप्त भई अर्को निर्वाचन नभए सम्म वा अन्य कारणले रिक्त रहेको अवधिका लागि एम्वुलेन्सको संचालन प्रमुख प्रशासकीय अधिकृतले तोकिदिए वमोजिम हुनेछ ।

## परिच्छेद तीन :

## कर्मचारी सम्बन्धी व्यवस्था कर्मचारीको नियुक्ति :

**७. <u>कर्मचारीको नियुक्ति</u>:** (१) एम्वुलेन्स संचालनका लागि एक जना चालक (हल्का सवारी चालक प्रथम तह वा सो सरह) को एक जना कर्मचारी करार सेवामा भर्ना गरिने छ । एम्वुलेन्स चालक पदमा स्थायी नियुक्ति गरिने छैन ।
२) उप विनियम (१) बमोजिम कर्मचारी भर्नाका लागि आवश्यक शैक्षिक योग्यता, अनुभव तथा अन्य आधार तयार गर्ने तथा कर्मचारी नियुक्ति सम्बन्धी सबै कार्य नगरपालिकाको कार्यालयले प्रचलित कानूनको रित पुर्याई गर्नेछ ।
**८. <u>परिश्रमिक तथा सेवाका शर्तहरु</u>** : (१) एम्वुलेन्स चालकले क्रमशः हल्का सवारी चालक प्रथम तहको स्थानीय तहको कर्मचारीले पाए सरहको तलब पाउनेछ ।
२) एम्वुलेन्स चालकले उप विनियम (१) बमोजिम पाउने तलब बाहेक एम्वुलेन्स संचालन भएको अवधीमा रात्रीकालिन प्रति ट्रिप रु १०० का दरले थप भत्ता पाउनेछ ।
३) एम्वुलेन्स चालकको तलब भत्ता तथा अन्य सुविधा एम्वुलेन्स संचालन कोषबाट व्यहोरिने छ । यसका लागि नगरपालिकाको कोषबाट कुनै रकम व्यहोरिने छैन ।
**९. <u>आचरण</u>** : (१) एम्वुलेन्स चालकले देहाय बमोजिमका आचरणहरुको पालना गर्नु पर्नेछ :
क) एम्वुलेन्स को उचित तरिकाले संचालन, रेखदेख र संरक्षण गर्ने,
ख) एम्वुलेन्स संचालन भएको अवधी र खपत भएको इन्धनको दैनिक रुपमा अभिलेख राख्ने,
ग) एम्वुलेन्स संचालन गर्ने निर्णय भएको स्थान बाहेक अन्यत्र एम्वुलेन्स उपयोग गर्दा समितिको पूर्व अनुमति लिने,
घ) एम्वुलेन्स को नियमित सरसफाई, लुब्रिकेन्ट चेकअप तथा नियमित मर्मत संभारका लागि समुचित ध्यान दिने,
ङ) एम्वुलेन्स संचालनको क्रममा हुन सक्ने संभावित दुर्घटना तथा क्षति उपर सावधानी अपनाई एम्वुलेन्स को सुरक्षा गर्ने
च) एम्वुलेन्सको दुर्घटना बीमा गराउने विषय तथा समयमा प्रिमियम बुझाए नबुझाएको विषयमा नगरपालिकाको आर्थिक प्रशासन शाखामा समयमै जानकारी गराउने,

छ) एम्वुलेन्स संचलनमा लैजानु पूर्व एम्वुलेन्स संचालन शुल्क बुझाउने गरी निकासा भएको अवस्थामा शुल्क बापतको रकम नगरपालिकामा दाखिला भए नभएको एकिन गर्ने,

ज) एम्वुलेन्स संचलनमा लैजानु पूर्व एम्वुलेन्सको अवस्था चेकजांच गरी सुरक्षा अवस्था एकिन गर्ने । असुरक्षित अवस्थामा एम्वुलेन्स संचालन नगर्ने,

झ) एम्वुलेन्स संचालन सम्बन्धमा संचालक समिति र प्रमुख प्रशासकीय अधिकृतलेले दिएको निर्देशनहरुको पालना गर्ने ।

**१०. <u>अवकाश दिन सकिने</u>** : (१) आफ्नो पदको जिम्मेवारी राम्ररी पुरा नगरेको अवस्थामा एम्वुलेन्स चालकलाई समितिको निर्णयबाट जुनसुकै बखत पदबाट हटाउन सकिने छ ।

## परिच्छेद चार :

## मर्मत संभार सम्बन्धी व्यबस्था

**११. <u>सेवा शुल्क तथा इन्धनको व्यबस्था</u> :** (१) नगरपालिका क्षेत्रभित्रका नगरवासीहरुले र नजिकका स्थानीय तहका नागरिकहरुले एम्वुलेन्स भाडामा प्रयोग गर्दा लाग्ने सेवाशुल्क समितिले निर्धारण गरे वमोजिम लाग्नेछ ।

२) नगर कार्यपालिकाले गरेको निर्णय वमोजिम नगर क्षेत्रभित्रका ज्येष्ठ नागरिकका लागि एम्वुलेन्स प्रयोग हुँदा लाग्ने खर्च नगरपालिकाले व्यहोर्नेछ ।

३) उप विनियम (१) बमोजिम को शेवाशुल्कबाट नगरपालिकाले एम्वुलेन्सको मर्मत संभार, फ्युल लुब्रिकेन, अपरेटरको तलब भत्ता, आदिको व्यबस्था गर्नेछ ।

**१२. <u>एम्वुलेन्स संचालन कोष</u> :** (१) एम्वुलेन्सको नियमित मर्मत संभार तथा कर्मचारीहरुको तलब भत्ताको व्यबस्था गरी एम्वुलेन्सको नियमित संचालनलाई सुनिश्चित गर्न छुट्टै एक एम्वुलेन्स संचालन कोष खडा गरिनेछ ।

(२) उप विनियम (१) बमोजिम खडा गरिने एम्वुलेन्स संचालन कोषमा देहायबमोजिमको रकम समेत जम्मा गरिनेछ :

क) सेवा उपभोग गर्ने व्यक्ति वा संघ संस्थाबाट प्राप्त शेवाशुल्क बापतको रकम,

ख) भाडामा प्रयोग गर्न दिएको अवस्थामा भाडा बापत प्राप्त रकम,

ग) नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाबाट एम्वुलेन्स संचालनका लागि प्राप्त रकम,

घ) अन्य दातृ निकायबाट प्राप्त अन्य कुनै अनुदन तथा सहयोग रकम, आदि ।

**१३. <u>कोषको संचालन र उपयोग</u> :** (१) एम्वुलेन्स संचालन कोष प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन गरिनेछ।

२) एम्वुलेन्स संचालन कोषमा जम्मा भएको रकम एम्वुलेन्स को नियमित मर्मत संभार, कर्मचारीहरुको तलब भत्ता तथा संचालक समितिको बैठक भत्ताका लागि खर्च गरिने छ ।

## परिच्छेद पाँच :

## विविध

**१४. <u>लेखा र लेखा परिक्षण</u>** : (१) एम्वुलेन्स संचालन कोषको आम्दानी र खर्चको लेखा आर्थिक प्रशासन ऐन तथा नियमावली अनुरुप राखिनेछ ।

२) एम्वुलेन्स संचालन कोषको आम्दानी र खर्चको हिसाव महालेखा परिक्षकको कार्यालयबाट खटिने लेखापरिक्षणबाट सालवसाली रुपमा लेखापरिक्षण गराईनेछ ।

१५. **<u>विबादको समाधान</u>** : (१) एम्वुलेन्स संचालन गरी सेवा प्रदान गर्ने सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा एम्वुलेन्स संचालक समितिले सम्बन्धित पक्षहरुसंग छलफल गरी समाधान गर्नेछ ।

२) एम्वुलेन्स संचालक समितिले समाधान गर्न नसकेको विबादहरु नगरपालिका बोर्डको निर्णयबाट समाधान गरिनेछ ।

१६. **<u>भाडामा दिन सकिने</u>** : (१) नगरपालिकाले एम्वुलेन्स संचालन गर्न नसक्ने अवस्था भई कुनै व्यक्ति वा संस्था मार्फत एम्वुलेन्स संचालन गर्न उपयुक्त देखिएमा एम्वुलेन्स संचालक समितिले सिफारिश गरेको अवस्थामा नगर कार्यपालिकाको बोर्ड बैठकले निर्णय गरी एम्वुलेन्स भाडामा प्रयोग गर्न दिन सकिनेछ ।

२) नगर कार्यपालिकाको बोर्ड बैठकले आवश्यक देखेमा संचालक समितिको सिफारिस नभएपनि एम्वुलेन्स भाडामा दिन सक्नेछ ।

३) उप विनियम (१) बमोजिम एम्वुलेन्स भाडामा दिंदा प्रति दिन वा महिनाको भाडा दर तथा अन्य शर्तहरु नगरपालिकाको बोर्डले निर्धारण गरिदिए बमोजिम हुनेछ ।

१७. **<u>कार्यविधीमा संशोधन</u>** : यस कार्यविधीमा आवश्यक संशोधन वा थपघट गर्नु परेमा नगरकार्यपालिकाको बोर्ड बैठकले निर्णय गरी थपघट वा संशोधन गर्न सक्नेछ ।

<u>१८. अन्य आवश्यक कुराहरु</u> : एम्वुलेन्स प्रयोग शुल्क संचालक समितिले तयार गरी नगर कार्यपालिकाको वैठकबाट स्वीकृत भएपछि लागु गरिनेछ । यस्तो शुल्क निर्धारण नभएसम्मका लागि चलन चल्तीको भाडा दरलाई नै प्रयोगमा ल्याइनेछ ।

१९. **<u>प्रचलित कानुन बमोजिम हुने</u>** : यस कार्यविधीमा लेखिएका कुराहरुको हकमा यसै बमोजिम र नलेखिएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

# अनुसूची १ :
# एम्वुलेन्स संचालन अभिलेख
# पथरी शनिश्चरे नगरपालिका
# मोरङ

| मिति | संचालन भएको समय | | सेवाग्राहीको नाम | कैफियत |
|---|---|---|---|---|
| | .... बजे देखि | ... बजे सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**रेकर्ड राख्ने :** **रुजु गर्ने :** **प्रमाणित गर्ने :** **स्वीकृत गर्ने :**

**अपरेटर** **प्रशासन शाखा** स्वास्थ्य संयोजक **प्रमुख प्रशासकीय अधिकृत**

## अनुसूची २
## एम्वुलेन्स मर्मत संभार सम्वन्धी अभिलेख
## पथरी शनिश्चरे नगरपालिका
## मोरङ

| मिति | मर्मत खर्चको विवरण | | | जम्मा खर्च | मर्मत कम्पनी | कैफियत |
|---|---|---|---|---|---|---|
| | सामान | ज्याला | लुब्रिकेन्टस | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

रेकर्ड राख्ने :      प्रमाणित गर्ने :      स्वीकृत गर्ने :

जिन्सी प्रमुख      स्वास्थ्य संयोजक      प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ३

## भाडामा लिनेदिने सम्झौता पत्र

पथरी शनिश्चरे नगरपालिका (जसलाई पछि प्रथम पक्ष भनिने तछ) र ........ बस्ने श्री.........…………यस पछि दोस्रो पक्ष भनिने छ) बीच मोरङ्ग जिल्ला ................ न पा वडा नं........ मा...........एम्वुलेन्स सेवा प्रदान गर्ने प्रयोजनका लागि एम्वुलेन्स भाडामा दिने लिने सम्बन्धमा निम्न अनुसारको शर्तहरु दुवै पक्षले पूर्ण रुपमा पालना गर्न मञ्जर भई यो सम्झौता पत्रमा सहीछाप गरी लियौ दियौ ।

**शर्तहरु**

१. एम्वुलेन्स भाडामा लिने (दोस्रो पक्षका) श्री...……………………… ले एम्वुलेन्स भाडामा लिदा एम्वुलेन्स संचालनमा आएपछि प्रतिदिन रु ……………… का दरले प्रथम पक्षलाई भाडा तिर्ने गरी भाडामा प्रयोग गर्न पर्नेछ ।

२. यो सम्झौता मिति २०७........... गते देखि २०७........... गते सम्म लागु हुने छ ।

३. सम्झौताको अवधि भन्दा बढी समय एम्वुलेन्स प्रयोग गर्नु परेमा दोस्रो पक्षले प्रथम पक्षलाई निवेदन दिई अनुरोध गरेमा थप समयमा पनि सम्झौता गरी प्रयोग गर्न सकि

ने छ ।

४. दोश्रो पक्षले एम्वुलेन्स भाडामा लिनु पूर्व भाडामा लिएको अवधीको सम्पूर्ण रकम नगरपालिकाको कार्यालय पथरी मोरङ्गमा धरौटी स्वरुप जम्मा गर्नु पर्ने छ ।

६. दोश्रो पक्षले एम्वुलेन्स संचालनमा ल्याउने सम्झौता अवधिभर अपरेटरलाई बस्ने बासको व्यवस्था गरिदिनुपर्नेछ।

७. एम्वुलेन्स संचालन अवधिमा एम्वुलेन्सको मर्मत तथा सर्भिसिङ्ग दोश्रो पक्षले नै गर्नेछ ।

८. यो सम्झौता सम्पन्न भै एम्वुलेन्स दास्रो पक्षले जिम्मा लिइसकेपछि कार्यालयमा फिर्ता नबुझाउँदा सम्म सो को पूर्ण जिम्मेवारी दोश्रो पक्षले नै लिनु पर्नेछ ।

१०. यो सम्झौता गरी तोकिएको अवधिका लागि लगिएको एम्वुलेन्स समय समाप्त भएपछि नबुझाएमा दोश्रो पक्षले भाडा बाहेक दैनिक रु ………………… का दरले प्रथम पक्षलाई थप हर्जाना तिर्नु पर्ने छ ।

११. एम्वुलेन्स प्रयोग गरे बापत कुनै सरकारी कर तिर्नु पर्ने भएमा परेमा दोश्रो पक्षले नै तिर्नु पर्नेछ ।

| **भाडामा लिने व्यक्ति/संस्थाको तर्फबाट** | **कार्यालयको तर्फबाट** |
|---|---|
| नाम : | नामः |
| ठेगाना : | पद : **प्रमुख प्रशासकीय अधिकृत** |
| दस्तखत : | दस्तखत : |